# माध्यमिक तह(११-१२) तथा उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि-२०८२

कार्यपालिकाबाट स्विकृत मिति :२०८२।०१।१५ गते

## प्रस्तावना:

नेपालको संविधानको धारा २२६ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८ को क्रमसङ्ख्या ८, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) को उपखण्ड (१६) बमोजिमको व्यवस्थालाई कार्यान्वयन गर्न चुमनुब्री गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न "माध्यमिक तह(११-१२) तथा उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि,२०८२ " स्वीकृत गरी जारी गरिएको छ।

## परिच्छेद: १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम माध्यमिक तह (११-१२) तथा उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि,२०८२ " रहेको छ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा :**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका " भन्नाले चुमनुब्री गाउँपालिका लाई सम्झनु पर्दछ।

ख) "कार्यपालिका " भन्नाले चुमनुब्री गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

ग) "अध्यक्ष" भन्नाले चुमनुब्री गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

घ) "शिक्षा शाखा प्रमुख" भन्नाले चुमनुब्री गाउँपालिका शिक्षा,युवा तथा खेलकुद शाखाको शाखा प्रमुखलाई सम्झनु पर्दछ।

ङ) "छात्रवृत्ति" भन्नाले यसै कार्यविधिले तोकेका आधार अनसुार छनौट भएका विद्यार्थीहरुलाई विद्यालय वा क्याम्पसमा नि:शुल्क अध्ययन गर्नको लागि प्रदान गरेको सुविधालाई सम्झनु पर्दछ।

च) "शिक्षा शाखा" भन्नाले चुमनुब्री गाउँपालिका अन्तर्गतको शिक्षा,युवा तथा खेलकुद शाखालाई सम्झनुपर्दछ।

छ) "प्राविधिक माध्यमिक विद्यालय तथा क्याम्पस" भन्नाले नेपालभरका जुनसुकै स्थानमा रहेका प्राविधिक धार सञ्चालन भएका माध्यमिक तह ११/१२ तथा स्नातक तहको अध्यापन हुने विद्यालय तथा क्याम्पस भन्ने सम्झनु पर्दछ।

ज) "माध्यमिक तह(११-१२) तथा उच्च शिक्षा छात्रवृत्ति समिति " भन्नाले यस कार्यविधिको दफा ४.१ बमोजिमको चुमनुब्री गाउँपालिकामा गठन हुने माध्यमिक तह(११-१२) तथा उच्च शिक्षा छात्रवृत्ति वितरण समितिलाई सम्झनु पर्दछ ।

झ) "सम्बन्धित वडा" भन्नले चुमनुब्री गाउँपालिका अन्तर्गतको छात्रवृत्ति समितिले छात्रवृत्ति वितरणका लागि निर्धारण गरेको चुमनुब्री गाउँपालिका अन्तर्गतको वडा सम्झनुपर्दछ ।

## परिच्छेद-२

**३. उद्देश्य:** यस कार्यविधिका उद्देश्यहरु देहायबमोजिम रहेका छन् ।

(१) छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी र व्यवस्थित बनाउनु,

(२) लक्षित वर्गका विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु,

(३) छात्रावृत्ति व्यवस्थापनसगँ सम्बन्धित निकायहरुको भूमिका स्पष्ट पार्नु ।

(४) लक्षित वर्गका विद्यार्थीका लागि अध्ययनमा निरन्तरता प्रदान गर्न ।

## परिच्छेद: ३

**४. समिति सम्बन्धी व्यवस्था**

(१) माध्यमिक तह(११-१२) तथा उच्च शिक्षा छात्रवृत्ति निर्धारण समिति सम्बन्धी व्यवस्था: विद्यालय वा क्याम्पसमा छात्रवृत्ति कोटा निर्धारण,छनौट र वितरण गर्न देहाय सदस्यहरु रहने गरी एक छात्रवृत्ति निर्धारण समितिको गठन गर्नुपर्ने छ ।

| | |
|---|---|
| क) गाउँपालिकको उपाध्यक्ष | संयोजक |
| ख) सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) गाउँकार्यपालिका सदस्य मध्येबाट गाउँपालिका प्रमुखले तोकेको एक जना | सदस्य |
| ङ) शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिको बैठक सम्बन्धी व्यवस्था: समितिको बैठक आवश्यकतानुसार बस्नेछ । बैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यवस्थित गर्न सक्नेछ । समितिले बैठकमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गर्नसक्नेछ।

(३) छात्रवृत्ति निर्धारण समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) प्राप्त आवेदनहरु र सम्बन्धित आर्थिक वर्षमा छुट्याईएको बजेट रकमका आधारमा कोटा एकिन गरी सोहि अनुसार छात्रवृत्ति वितरण रकम निर्धारण गर्ने ।

ख) समितिले छात्रवृत्ति वितरणका लागि चुमनुब्री गाउँपालिकाको कुनै एक वडाको तोक्न सक्नेछ ।

ग) प्राप्त आवेदनहरु उपर विद्यार्थी अध्यनरत रहेको सम्बन्धित क्याम्पसको समन्वयमा छानविन गरी छात्रवृत्ति वितरणको प्रक्रिया अगाडी बढाउन सक्नेछ ।

घ) छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरुको अन्तिम नामावली छात्रावृत्ति वितरण समितिको सिफारिसमा शिक्षा,युवा तथा खेलकुद शाखाले गाउँपालिको Website, स्थानीय पत्रिका वा अन्य सञ्चार माध्यम मार्फत प्रकाशन गर्नुपर्नेछ ।

ङ) छात्रवृत्ति वितरण गर्दा पूर्ण छात्रवृत्तिको हिसाबले हुन आउने जम्मा निर्धारित कोटा विद्यार्थी सङख्याको परिमाण नघट्ने गरी पूर्ण वा आंशिक वा दुवै खाले छात्रवृत्ति प्रदान गर्न सकिने ।

च) छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुको नामनामेसी विवरण छात्रवृत्ति वितरण भएको ३० दिन भित्र सम्बन्धित विद्यालय वा क्याम्पसमा जानकारीका लागि पठाउने र सार्वजनिक सूचनाको रुपमा प्रकाशन गर्नुपर्नेछ ।

## परिच्छेद: ४

### ५. छात्रवृत्ति कोटा निर्धारण सम्बन्धी व्यवस्था

(१) गाउँपालिकाले चालु आर्थिक वर्षको शैक्षिक सत्रमा सम्बन्धित वडाको स्थायी बासिन्दा रहेका र गाउँपालिका बाहिरका क्याम्पसमा स्नातक/ स्नाकोत्तर तहको प्रथम वर्षमा भर्ना भई क्रमश: दोश्रो,तेस्रो र चौथो वर्षमा समेत निरन्तरता दिई नियमित अध्ययनरत रहेका तथा माध्यमिक तह कक्षा ११ र १२ को हकमा कक्षा ११ मा भर्ना भई क्रमश: कक्षा १२ मा नियमित रुपमा प्राविधक धार तर्फ अध्ययनरत रहेका कुल विद्यार्थी सङ्ख्या छात्रवृत्ति आवेदन मार्फत एकिन गरि कोटा निर्धारण गर्ने र छुट्याईएको बजेट रकमका आधारमा प्रति विद्यार्थी वितरण गरिने छात्रवृत्तिको रकम निर्धारण गरी, सो रकम बाराबरको छात्रवृत्ति सम्बन्धित विद्यार्थीलाई वितरण गर्नुपर्नेछ ।

(२) उपदफा ५(१) बमोजिम छुट्टाइएको कोटामा स्नातक/स्नाकोत्तर तर्फ प्रथम वर्षमा भर्ना भएका विद्यार्थीले अन्य बाकीँ वर्षमा र कक्षा ११ मा भर्ना भएका विद्यार्थीले कक्षा १२ मा छात्रवृत्ति प्राप्त गर्न सक्नेछन् तर बिचैमा पढाई छोडेमा वा ५०% भन्दा कम हाजिरी भएमा छात्रवृत्ति प्रदान गर्न बाध्य हुनेछैन ।

### ६. छात्रवृत्तिमा विद्यार्थी छनौट प्रकृया

(१) गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखाले प्रत्येक आर्थिक वर्षको चालु शैक्षिक सत्रमा छात्रवृत्ति वितरणका लागि गाउँपालिका भन्दा बाहिरका प्राविधक विद्यालय तथा क्याम्पसहरुमा माध्यिमक तह कक्षा ११/१२ र उच्च शिक्षा तहमा प्राविधक धारमा भर्ना भई अध्नयरत रहेका विद्यार्थीहरुबाट १५ दिने सूचना मार्फत छात्रवृत्ति छात्रवृत्ति वितरण गर्नुभन्दा एक महिना अगाडी आवेदन माग गर्ने छ । आवेदन लिंदा विद्यार्थीको स्थायी ठेगाना, चुमनुब्री गाँउपालिकाको छात्रवृत्ति निर्धारण समितिले तोकेको वडा भएको भन्ने सम्बन्धित वडा कार्यलयको सिफारिस पेश गर्न गर्नुपर्नेछ ।

(२) शिक्षा शाखाले प्राप्त आवेदनहरु छानविन गरी आवेदकहरुको दाबी विरोधका लागि सूची प्रकाशन गर्ने र छात्रवृत्ति वितरणको कार्यविधिको आधिनमा रहि छात्रवृति प्राप्त गर्ने विद्यार्थीहरुको अन्तिम नामावली प्रकाशन गर्नुपर्ने छ ।

(३) विद्यार्थीले छात्रवृत्तिको लागि दिने निवेदनको ढाँचा अनुसूची-१ बमोजिम हुनुपर्ने छ।

(४) निवेदनका साथ अनुसूची – २ बमोजिमका कागजातहरु पेश गर्नुपर्ने छ।

**७. छात्रवृत्ति नपाउने अवस्था**

निम्न अवस्थामा विद्यार्थी छात्रवृत्ति प्राप्त गर्न अयोग्य हुनेछ।

क) अन्य निकाय वा स्रोतबाट पूर्ण छात्रवृत्ति प्राप्त गरेको भएमा,

ख) जम्मा क्याम्पस वा विद्यालय खुलेको दिनको ५०% हाजिरी नभएमा,

ग) गलत वा झुठो विवरण भरेको प्रमाणित भएमा,

घ) प्रचलित कानुन र विद्यालय वा क्याम्पसले तय गरेको आचारसंहिता उल्लघंन गरेको प्रमाणित भएमा

ङ) विद्यार्थीको स्थायी ठेगाना छात्रवृत्ति निर्धारण समितिले निर्धारण गरेको वडा भन्दा अन्य भएमा ।

**८. छात्रवृत्ति निरन्तरता**

दफा ७ को अवस्था नभएमा स्नातक/स्नाकोत्तर प्रथम वर्षमा छनौट भएका विद्यार्थीले सबै वर्षमा र कक्षा ११ र कक्षा १२ मा निरन्तर छात्रवृत्ति पाउनेछन्। तर जेहेन्दार (उत्कृष्ट) विद्यार्थीको हकमा यो व्यवस्था लागु हुनेछैन।

**९. कार्य सम्पन्न गर्ने अवधि**

१) छात्रवृत्ति छनौट सम्बन्धि कार्य शैक्षिक सत्र शुरु भएको तीन महिनाभित्र कार्यसम्पन्न गरी सक्नुपर्नेछ।

२) छात्रवृत्ति छनौट सम्बन्धी कार्य सम्पन्न गरी एक महिना भित्र शिक्षा शाखाले गाउँकार्यपालिकामा प्रतिवेदन पेश गर्नुपर्ने छ।

## परिच्छेद: ५

**१०. विविध**

क) गाउँपालिकाले विद्यालय तथा क्याम्पसमा वितरण गर्ने छात्रवृत्ति यस मापदण्ड बमोजिम हुनेछ।

ख) नेपाल सरकारले वितरण गर्ने छात्रवृत्ति सोहि निर्देशिका बमोजिम हुनेछ।

ग) बैठक भत्ता: छात्रवृत्ति व्यवस्थापन समिति, आमान्त्रित सदस्य तथा सो काममा खटिने कर्मचारीले नियमानुसार बैठक भत्ता तथा चिया, खाजाको व्यवस्था गाउँपालकाले गर्ने छ।

घ) अनुसूचीमा हेरफेर: यस कार्यविधिमा रहेका अनुसूचीमा लेखिएको विषयवस्तुका अतिरिक्त अन्य विषयहरु थपघट गर्न आवश्यक देखिएमा गाउँपालिकाले अन्य विषयबस्तु थपघट गर्न सक्नेछ।

ङ) बाधा अड्काउ सम्बन्धि व्यवस्था: यो कार्यविधि कार्यन्यवनको क्रममा बाधा अड्काउ पर्न आएमा गाउँकार्यपालिकाले आवश्यक आदेश जारी गर्न सक्नेछ।

च) कार्यविधि संसोधन : चुमनुब्री गाउँकार्यपालिकाले समयानुकुल यस कार्यविधिको संशोधन गर्न सक्नेछ ।

## अनुसूची १

### विद्यार्थीले आवेदन दिने ढाँचा

१. विद्यार्थीको नाम थर:

२. विद्यार्थी हाल बसोबास गर्दै आएको स्थान: क) प्रदेश ख) जिल्ला:
ग) स्थानीय तहको नाम: घ) वडा नं.: ङ) गाउँ/टोल:

३. अभिभावकको नाम थर:

क) बाबुको नाम थर: ख) पेशा:

ग) आमाको नाम थर: घ) पेशा:

४. अभिभावकको सम्पर्क नं.:

५.यस अघि छात्रवृत्ती पाएको वा नपाएको:

६. एस.इ.इ. वा सो सरह र कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको विद्यालयको नाम र ठेगाना (क्रमश):

१.

२.

७.आवेदन दिन चाहेको तह र कक्षा :

८. अघिल्लो कक्षाको उत्तिर्ण प्रतिशत वा जिपिए:

९. एस.इ.इ. र कक्षा १२ को सिम्बोल नं.:

१०. हाल अध्ययनरत रहेको प्राविधिक विद्यालय वा क्याम्पसको नाम र ठेगाना

११. हाल अध्ययनरत रहेको प्राविधिक विद्यालय वा क्याम्पसको सम्पर्क नं.:

१२. हाल अध्ययनरत रहेको प्राविधिक विद्यालय वा क्याम्पसको प्र.अ. वा क्याम्पस प्रमखको नाम र सम्पर्क नं.:

१३. विद्यार्थीको परिवारको अनुमानित वार्षिक आय:

माथि उल्लेखित विवरणहरु साँचो छन्, फरक परे कानुन बमोजिम सहुँला,बुझाउँला ।

आवेदकको नाम: हस्ताक्षार:

विद्यार्थीको सम्पर्क नं.: मिति:

## अनुसूची २

## आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुको विवरण

१. अघिल्लो कक्षा उत्तिर्ण गरेको लब्धाङक पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।

२. विद्यार्थी स्थायी रुपमा बसोबास गर्दै आएको छात्रवृत्ति उपलब्ध गराईने सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र।

३. विद्यार्थी सम्बन्धित तहमा भर्ना भई नियमित अध्ययनरत रहेको विवरण खुल्ने सम्बन्धित क्याम्पस वा विद्यालयको सिफारिस पत्र।

४. नागरिकताको प्रमाण पत्रको प्रतिलिपी।

५. नागरिकता नबनेका विद्यार्थीको हकमा सम्बन्धित विद्यार्थीको जन्मदर्ता र अभिभावकको नागरिकताको प्रतिलिपी।

६. अनूसूची १ बमोजिमको आबेदन फारम

७. बैङ्क चेकको प्रतिलिपी

आज्ञाले

मनोज लामिछाने

प्रमुख प्रशासकीय अधिकृत